# प्रदेश सरकार

# विपद् तथा जलवायूजन्य जोखिम न्यूनीकरण र व्यवस्थापन प्रादेशिक नीति

# Provincial Disaster and Climate Risk Reduction and Management Policy

आन्तरिक मामिला तथा कानून मन्त्रालय

प्रदेश २

जनकपुरधाम, धनुषा

पौष २०७६

## विषय सूची


| | पेज नं |
| --- | --- |
| **कभर पेज** | **१** |
| **विषय सूची** | **२** |
| **परिच्छेद १ : प्रदेश २ मा विपद् तथा जलवायूजन्य जोखिमको अवस्था** | **३-५** |
| **१.१ पृष्ठभूमी** | **३** |
| **१.२ विपद् तथा जलवायूजन्य जोखिम विश्लेषण** | |
| १.२.१ बाढीको जोखिम विश्लेषण | ३-४ |
| १.२.२ खडेरीको जोखिम विश्लेषण | ४ |
| १.२.३ आगलागीको जोखिम विश्लेषण | ५ |
| १.२.४ शीतलहरको जोखिम विश्लेषण | ५ |
| १.२.५ अन्य प्रकोपको जोखिम विश्लेषण | ५ |
| **परिच्छेद २ : दीर्घकालिन सोच, ध्येय, लक्ष, उध्देश्य, अवधारणा र नीतिहरु** | **६-१४** |
| २.१ दीर्घकालिन सोच | ६ |
| २.२ ध्येय | ६ |
| २.३ लक्ष | ६ |
| २.४ उद्देश्यहरु | ६ |
| २.५ अवधारणा | ७ |
| २.६ नीतिहरु | ८-१४ |
| **परिच्छेद ३ : नीति कार्यान्वयन, अनुगमन, मुल्यांकन, पुनरावलोकन** | **१५** |
| ३.१ नीतिको कार्यान्वयन र समन्वय | १५ |
| ३.२ नीतिको अनुगमन, मुल्यांकन | १५ |
| ३.३ नीतको पुनरावलोकन | १५ |

# परिच्छेद १ : प्रदेश २ मा विपद् तथा जलवायूजन्य जोखिमको अवस्था

## १.१ पृष्ठभूमी

नेपालको संविधान २०७२ अनुसार प्रदेश नं २ तराईका ८ वटा जिल्लाहरु क्रमशः, सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट , वारा र पर्सा मिलेर बनेको छ । ९९०७ वर्ग किलामिटर क्षेत्रफलमा फैलिएको नेपालको भौगोलिक क्षेत्रको ६.७३ प्रतिशत भूभाग ओगटेको यस प्रदेशको जनसंख्या ५४२६३८८ रहेको छ । १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ वटा गाउंपालिका गरी जम्मा १३६ वटा स्थानीय तहहरु रहेका छन् । मानविय सूचकांक ०.४९ रहेको यस प्रदेशको गरीवीको प्रतिशत ४१.७७ छ भने साक्षरता प्रतिशत ४९.५४ प्रतिशत रहेको छ। गर्मी मौसममा यस प्रदेशमा अधिकतम तापक्रम ४० डिग्री भन्दा बढी रहन्छ भने जाडो मौसममा ७ डिग्री भन्दा कम तापक्रम हुने गर्दछ [1] । वार्षिक औषत वर्षा १५०० देखि २००० मिलि हुने गरेको छ [2]।

नेपालको अन्न भण्डार मानिने यस प्रदेशमा साना ठुला गरी ५० भन्दा बढी खोला तथा नदीनालाहरु वग्ने गर्दछन् । प्रशस्त संभावना, समथर जमिन, सुन्दर र उव्जाउशिल भूमी भएता पनि यो प्रदेश विपद् जोखिमको दृष्टिले उच्च जोखिम प्रदेशको रुपमा रहेको छ । प्रत्येक वर्ष बाढी, डुवान, कटान तथा पटानले ठुलो माात्रामा धनजनको क्षति हुने गरेको छ। बाढी, खडेरी, आगलागी, शीतलहर, माहामारी, लु, असिना, जंगली जनावरबाट अन्नवाली क्षति, कृषी वालीमा लाग्ने रोग, चट्याङ्ग, हावाहुरी, पोखरीमा डुव्ने र सर्पदंश यस प्रदेशको विपद् निम्त्याउने प्रमुख प्रकोपहरु हुन् । विपद्बाट प्रत्येक वर्ष हजारौंको संख्यामा महिला, वालवालिका, जेष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरु प्रभावित हुने गरेका छन् । यसका साथै प्रदेश २ मा हुने विपद्जन्य घटना को प्रदेश २ मात्र नभै यसको सम्वन्ध प्रदेश १ र ३ संग पनि रहेको छ । तीनवटै प्रदेशका साझा नदीहरु, वनजंगल आदिले एक अर्को प्रदेशमा असर गर्दछ ।

नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन, स्थानीय सरकार संचालन ऐन, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ - २०३० तयार भै कार्यान्वयनको चरणमा रहेको छ । प्रदेश २ सरकारले पनि विपद जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन तयार गरी कार्यान्वयनमा ल्याएको छ। नेपालको संविधान, विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन ऐन र संघीय तथा प्रादेशिक ऐनको मर्मको आधारमा प्रदेश २ सरकारले विपद् तथा जलवायूजन्य जोखिम न्यूनीकरण र व्यवस्थापन नीति निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

## १.२ विपद् तथा जलवायूजन्य जोखिम विश्लेषण

### १.२.१ बाढीको जोखिम विश्लेषण

प्रत्येक वर्ष आउने बाढीले हजारौ हेक्टरको जमिन बगरमा परिणत भएको छ भने हजारौ विघा जमिन कटान हुने गरेको छ । चुरे क्षेत्रबाट वग्ने माटो, गेग्रानले नदी तथा खोलाको सतह बढी वस्ती र नदीको सतह एउटै हुने संभावना बढेको छ । एक अध्ययनले सर्लाहीको लखनदेही नदीमा वर्षमा १७८००० मेट्रिक टन गेग्रानहरु थुप्रिने गरेको र झण्डै ४५ वर्षको दौरानमा नदीको सतह २ मिटरले माथि आएको भन्ने अनुमान गरिएको छ [3]। २०१७ मा तराईमा आएको बाढी तथा डुवालने ले कुल

[1] Climate of Nepal, Nepal Now
[2] Observed Climate Trend Analysis of Nepal (1971-2014), Government of Nepal Ministry of Population and Environment Department of Hydrology and Meteorology
[3] Flooding and Inundation in Terai, Basistha Raj Adhikari

ग्राहस्थ उत्पादनको ३ प्रतिशत क्षति गरेको थियो [4] । यसै गरी बाढीबाट विगत १० वर्षमा १२५ जनाको मृत्यु, २६जना हराइरहेको, ४४८६ घरहरु प्रभावित भएको, करीव १७०० गाईवस्तुहरुको मृत्युभएको र झण्डै ६५ करोडको आर्थिक क्षति भएको तथ्यांक रहेको छ [5] । यसका साथै प्रदेश १ र ३ मा गएको पहिरोको कारण प्रदेश २ मा माटो, ढुंगा, वालुवा बगाएर ल्याएर नदीको सतह बढेको कारणले प्रदेश २ मा बाढी तथा डुवानको समस्या पनि बढेको छ ।

यस अवस्थाले गर्दा तराईको उव्जाउशील जमिन कालान्तरमा गएर मरुभूमीमा परिणत हुन सक्ने संभावना बढेर गएको छ। जस्को प्रत्यक्ष प्रभाव प्रदेश नं २ र समग्र देशको अर्थतन्त्रमा पर्न सक्ने यथार्थलाई नकार्न सकिदैन । यसका साथै छिमेकी राष्ट्र भारतद्धारा निर्माण गरिएको वांध, नेपाल सरकारद्धारा निर्माण गरिएको हुलाकी सडकका साथै उचा गरेर घरहरु नवनाउनु , बढदो तथा अव्यवस्थित शहरीकरण र पानी निकासकोलागि व्यवस्थित ढल नहुनको कारण तराईका जिल्लाहरुमा डुवानको समस्या सृजना भएको छ । जिल्ला अनुसार प्रदेश २ अर्न्तगतका नदी तथा खोलाहरु जसले वर्षातको मौसममा धनजनको क्षति गर्ने गरेको छ यस प्रकार रहेका छन् ।

धनुषा : कमला, चारनाथ, जमुनी, जलाद, औरही, विघी, दुधमती
महोत्तरी : रातो, भव्सी (अंकुशी), जंघाहा, विग्ही
सिराहा : कमला, गागन, बलान, खुट्टी, सर्रे, बताहा, घुर्मी, जीवा, मैनावत्ति
सप्तरी : कोशी, खांडो, बलान, महुली, त्रियुगा, सुन्दरी, खडग, घोरदह, जीता
सर्लाही : लखनदेही, मनुस्मारा, सीम, बागमती
रौतहट : बागमती, लालबकैया, चांदी, झांझ
वारा : लालवकैया, घनसर, बगर, भमरा, लालखोला, पसाह, वंगरी, दुधौरी, काट नदी, बालगंगा, जमुनीर अरुवा
पर्सा : तिलावे, जमुनिया, भेडाहा, सिर्सिया, सरस्वता, ओरिया

### १.२.२ खडेरीको जोखिम विश्लेषण

जलवायु परिवर्तनको प्रभावको कारणले गर्दा तराईमा खडेरीको समस्या प्रत्येक वर्ष बढीरहेको छ । तापक्रम वृध्दिका कारण सुख्खा भै भूमिगत जलको सतह पनि घटदै गएको छ । तराईका इनार, पोखरीहरु पनि सुक्दै गएको समुदायसंगको छलफलको आधारमा लिन सकिन्छ । नेपालको ३८ प्रतिशत भूभागमा मात्र सिंचाई सुविधा छ भने अधिकांश जमिनमा सिंचाईकोलागि आकाशे पानीको भर पर्नु पर्दछ । नेपालमा पहाड र तराईमा वस्ने करीव ५००० परिवार प्रत्येक वर्ष खडेरीले प्रभावित हुन्छन् भन्ने तथ्यांक देखाइएको छ [6] ।

प्रदेश नं २ मा ७४.३ प्रतिशत भूभागमा सिंचाई सेवा पुगेको छ भने अन्य जमिनहरुमा सिंचाईकोलागि आकाशे पानीको भर पनुपर्ने अवस्था छ । जलवायू परिवर्तनका कारण खेती गर्ने समयमा पानी नपर्ने कारणले किसानहरुले समयमा धान खेती गर्न नपाउंदा अन्न उत्पादनमा ह्रास आएको छ । १९८१ देखि २०१० सम्मको २१० केन्द्रको वर्षाको प्रवृत्ती विश्लोषण गर्दा नेपालभर पूर्व मनसून वर्षा बढीरहेको र मनसुन पश्चात वर्षा घटिरहेको देखिन्छ । नेपाल सरकारको प्रतिवेदन अनुसार २००८ र २००९ मा गरिएको अध्ययनल् तराई लगायत नेपालका ४० जिल्लाहरुमा खडेरीको समस्या उत्पन्न भएको जनाएको छ । यो क्रम आगामी दिनमा अझै बढन सक्ने संभावना रहेको छ [7] । खडेरीको जोखिम प्रदेश २ मा उच्च रुपमा रहेको छ।

[4] Post Disaster Need Assessment Report, NPC
[5] DRR Portal, Ministry of Home Affairs (MOHA)
[6] DRR National Strategic Action Plan 2018-2030, Nepal
[7] DRR National Strategic Action Plan 2018-2030, Nepal

### १.२.३ आगलागीको जोखिम विश्लेषण

आगलागी पनि प्रदेश २ को प्रमुख प्रकोपको रुपमा देखिएको छ। ग्रामिण इलाकामा रहेको प्राय फुसुका घरहरु हुनु, एकै ठाउंमा जोडिएर वस्ती वस्नु , आगो वालिसकेपछि निभाउन सावधानी नअपानाउनु र सवै स्थानमा दमकलको अभावका कारण प्रदेश २ आगलागीको उच्च जोखिममा रहेको छ। विगत १० वर्षमा आगालागीबाट प्रदेश २ का जिल्लाहरुमा ६७ जनाको मृत्यु भएको, ३०६ जना घाइते भएको, ५२०२ घरहरु प्रभावित भएको, ३८६८ गाईवस्तुहरुको मृत्यु भएको र करीव ४ अरव वरावरको आर्थिक क्षति भएको तथ्यांक रहेको छ [8]। आर्थिक क्षति गर्ने प्रकोपको रुपमा आगलागी उच्च प्रकोपको रुपमा रहेको छ।

### १.२.४ शीतलहरको जोखिम विश्लेषण

शीतलहर पनि प्रदेश २ को प्रमुख प्रकोपको रुपमा रहेको छ। विशेष गरेर मानविय क्षति गर्ने प्रकोपको रुपमा शीतलहर रहेको छ। विशेष गरेर गरीव घरपरिवारका वालवालिकाहरु र जेष्ठ नागरिकहरु जाडोको समयमा मृत्यु तथा विरामी हुने गरेको छ। जाडो मौसममा प्रदेश २ को न्यूनतम तापक्रम ७ डिग्री भन्दा कम हुने गरेको छ। विगत १० वर्षमा प्रदेश २ मा शीतलहरबाट मात्रै ३१४ जना मानिसहरुको मृत्यु भएको तथ्यांक रहेको छ [9]। गरीवी, कमजोर घरको संरचना, अज्ञानता आदिको कारण विशेष गरेर गरीव घर परिवारहरु बढी संकटासन्न अवस्थामा रहेका छन् र जोखिमको सामना गरिरहेका छन्।

### १.२.५ अन्य प्रकोपको जोखिम विश्लेषण

यसैगरी हावाहुरी, चटयांङ्ग, असिना, सर्पदंश, पोखरीमा डुव्ने र वन्यजन्तुवाट हुने क्षति यस प्रदेशको अन्य प्रकोपको रुपमा रहेका छन्। हालसालै मानविय क्षति गर्ने सर्न्दभमा चटयांङ्ग, एक प्रमुख प्रकोपको रुपमा देखिएको छ। विगत १० वर्षको तथ्यांकलाई हेर्ने हो भने चटयांङ्गबाट मात्रै प्रदेश २ मा १०१ जना मानिसको मृत्यु भैसकेको छ [10]। हावाहुरी मानिसहरुलाई घाइते तथा मृत्यु गराउने प्रकोपको रुपमा देखापरेको छ। २०७६ सालमा वारा र पर्सामा आएको घुम्रपात (अत्यधिक तिव्र गतिको हावाहुरी) ले गरेको धनजनको नोक्सानले पनि हावाहुरी एक प्रमुख प्रकोपको रुपमा प्रदेश २ मा देखिएको छ। जलवायू परिवर्तनका कारण यस्ता घटनाहरु हुने गरेको पाइनछ। असिना र वन्यजन्तु आतंक अन्नवालीको नोक्सान गर्ने प्रकोपको रुपमा देखिएको छ। हात्ती, गैंडा, नीलगाई, वंदेल, वांदर जस्ता वन्यजन्तुले बार्षिक करौडौको अन्नवाली क्षति गर्ने गरेको पाइन्छ जुन प्रदेश १ र प्रदेश ३ का वनजंगलहरु संग पनि सम्वन्धित रहेको छ।

यसैगरी मानविय क्षति गर्ने प्रकोपको रुपमा बालवालिकाहरु पोखरीमा डुव्ने र सर्पदंश पनि प्रमुख प्रकोपको रुपमा रहेको छ। सिराहा जिल्लामा मात्र पोखरीमा डुवेर २०७५ सालमा १५ जना वालवालिकाहरुको मृत्यु भएको तथ्यांक रहेको छ। यसैगरी तराईका जिल्लाहरुमा भूकम्प बाट विगतमा क्षति नभएता पनि नेपाल भूकम्पिय दृष्टिकोणले उच्च जोखिममा रहेका कारण तराईका जिल्लाहरुमा पनि भूकम्पको जोखिम रहेको छ। बढदै गएको शहरीकरण र भवन आचार संहिताको पूर्ण पालना नभएको कारण प्रदेश २ भूकम्पिय जोखिममा पनि रहेको छ।

[8] DRR  Portal, Ministry of Home Affairs (MOHA)

[9] DRR Portal, Ministry of Home Affairs (MOHA)

[10] DRR Portal, Ministry of Home Affairs (MOHA)

## परिच्छेद २ : दीर्घकालिन सोच, ध्येय, लक्ष, उध्देश्य, अवधारणा र नीतिहरु

### २.१ दीर्घकालिन सोच

विपद् र जलवायू उत्थानशील प्रदेशको रुपमा विकास गरी दिगो विकास मार्फत सम्वृध्द प्रदेशको निर्माण गर्ने यस नीतिको दीर्घकालिन सोच रहेको छ।

### २.२ ध्येय

विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनका कार्यलाई जोखिम संवेदनशील विकास अवधारणा अनुसार कार्यान्वयन गरी व्यक्ति, समुदाय तथा प्रदेशको मानविय, सामाजिक, सांस्कृतिक, आर्थिक, भौतिक पूर्वाधार र वातावरणीय उत्थानशीलता अभिवृध्दि गर्ने यस नीतिको मुल ध्येय रहनेछ ।

### २.३ लक्ष

प्रदेश २ मा प्रत्येक वर्ष वहुप्रकोपबाट हुने मानविय मृत्यु, घाइते, प्रभावित परिवार, आर्थिक क्षति र आधारभूत सेवाहरु जस्तै शिक्षा, स्वास्थ्य, कृषी, खानेपानी, सडक, संचार, उधोग, सांस्कृतिक सम्पदा, वातावरण र जिविकोपाजर्नमा भएको क्षतिलाई उल्लेख रुपमा न्यूनीकरण गर्ने यस नीतिको लक्ष रहेको छ।

### २.४ उद्देश्यहरु

२.४.१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलन सम्वन्धि प्रदेशका सवै तह, वर्ग, क्षेत्रमा र समुदायमा बुझाई तथा ज्ञानको अभिवृध्दि गर्ने

२.४.२ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनका कार्यलाई विकासको प्रक्रिया, आवधिक र वार्षिक योजनामा मुलप्रवाहीकरण गरी विपद र जलवायू सुशासनको अभिवृध्दि गर्ने

२.४.३ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनका सम्वन्धि कार्य गर्न सरकारी, सार्वजनिक, निजी र समुदायको लगानी वृध्दि गर्ने

२.४.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनका सम्वन्धि कार्य गर्न प्रदेशको पूर्वतयारी र प्रतिकार्य क्षमतालाई सुदृढीकरण गरी प्रतिकार्यलाई नतीजामुलक वनाउने

२.४.५ विपद् पश्चातका क्रियाकलापहरुलाई “पहिलेको भन्दा झन् राम्रो र बलियो निर्माण” अवधारणा अनुसार कार्य गरी पुनर्लाभ, पुनर्स्थापना र पुनर्निमाणका कार्यमा उत्थानशीलता अभिवृध्दि गर्ने

### २.५ अवधारणा

२.५.१ नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनमा संघ, प्रदेश र स्थानीय तह विच समन्वय, सहकार्य र साझेदारीको सिध्दान्तलाई अवलम्वन गर्ने

२.५.२ रोग लागेर उपचार गर्नुभन्दा रोग नै लाग्न नदिनु भन्ने सिद्धान्तलाई आत्मसात् गरी विपद् भएर प्रतिकार्य गर्नुभन्दा प्रकोपलाई विपद्मा परिणत हुन नदिने कार्यमा जोड दिने अर्थात जोखिम संवेदनीशल विकास अवधारणा अवलम्वन गर्ने

२.५.३ चुरेको माटो चुरेलाई नै चुरेको पानी तराईलाई भन्ने अवधारणा अवलम्वन गर्ने

२.५.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलन कार्य अन्तर प्रदेश र अन्तरदेशीय समन्वय, सहकार्य र साझेदारी गर्ने अवधारणा अनुसार कार्य गर्ने

२.५.५ मानवरहित, चरिचरन मुक्त र संरक्षित क्षेत्र चुरे अवधारणा अनुसार कार्य गर्ने

२.५.६ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनका कार्य गर्दा समावेशी, पारदर्शी, सहभागितामुलक, उत्तरदायी लैंगिक तथा सामाजिक समावेशीकरणको अवधारणालाई अवलम्वन गर्ने

२.५.७ विपद्बाट प्रभावित संकटासन्न समुहहरुलाई छिटो र प्रभावकारी प्रतिकार्य गर्न नेपाल सरकारको सामाजिक सुरक्षा ऐन अन्तर्गत सहयोग गर्न सामाग्री तथा नगद हस्तान्तरको कार्यलाई एकिकृत गरेर सहयोग गर्ने अवधारणा अवलम्वन गर्ने । साथै जति राम्रो पूर्वतयारी त्यति राम्रो प्रतिकार्य भन्ने अवधारणा अनुसार कार्य गर्ने

२.५.८ परम्परागत स्थानीय ज्ञान, सीप र अभ्यासको पहिचान र अधिकतम उपयोग गर्ने अवधारणा अवलम्वन गर्ने

२.५.८ विपद् सवैको सरोकारको विषय हो Disaster is Every bodies Business  and No One should be Left Behind अवधारणा अनुसार महिला, वालवालिका, युवा, जेष्ठ नागरिक, अपांगता भएको व्यक्तिहरु र विपद जोखिम क्षेत्रमा वसोवास गर्ने समुदायको सहभागिता सुनिश्चित गर्ने अवधारणा अवलम्वन गर्ने । यसका साथै सरकारी, सार्वजनिक, नागरिक समाज, नीजि क्षेत्र, विकास साझेदार, दातृ निकाय, राजनैतिक दल र संचार जगतको सहभागिता सुनिश्चित गर्ने अवाधारणा अवलम्वन गर्ने

## २.६ नीतिहरु

१. विपद् जोखिम बारे सचेतना अभिवृध्दि गर्न विद्दालय स्तर देखि उच्च स्तर सम्मको शैक्षिक पाठयक्रममा साथै स्थानीय पाठ्यक्रमहरुमा समावेश गरिनेछ । प्रदेश, स्थानीय तह र नीजि क्षेत्रलाई विपद्को जोखिमवारे वुझाई अभिवृध्दि गर्न जोड दिइनेछ ।

२.प्रकोपको सम्मुखता र संकटासन्न अवस्थामा रहेका समुदाय, वस्ती तथा भौतिक संरचनाहरु, सांस्कृतिक सम्पदाहरु, उधोग, व्यापार व्यवसाय, सेवाहरुको पहिचान आधुनिक जस्तै भौगोलिक सूचना प्रणाली, दुर संवेदन प्रणाली, खुला श्रोत प्रणाली तथा समुदायमा आधारित पध्दतीबाट तयार गरी प्रदेशको जोखिमको नक्शांकन गरिनेछ र जनसाधारण तथा सरोकारवालाहरुलाई सूचना उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

३. विपद् तथा जलवायूजन्य जोखिम न्यूनीकरणकालागि आधुनिक तथा परम्परागत ज्ञान, सीप र अभ्यासहरुको अध्ययन, अनुसंधान र पहिचान गरी उपयुक्त प्रविधिको प्रयोग गरी जोखिम न्यूनीकरण तथा व्यवस्थापन गरिनेछ ।

४. नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्तरदेशिय सरकार संगको समन्वयमा प्रदेश २ अर्न्तगत भएर वग्ने नदी, खोलाखोल्सी र गल्छीहरुको अध्ययन अनुसंधान गरी आवश्यकता अनुसार डाइभर्सन गर्ने, बाटो सहितको तटवन्ध निर्माण गर्ने, नदीको सतह गहिराउने र दायांवांया वृक्षारोपण गर्ने जस्ता कार्यहरु गरिनेछ ।

५.पुराना जीर्ण रुपमा रहेका वांधहरुको अध्ययन अनुसंधान गरी आवश्यकता अनुसार मर्मत संभार गर्ने वा नयां वनाउने कार्यहरु गरिनेछ। साथै वांधहरुमा सुलीगेशन गेटको निर्माण गरी पानीको वहाव नियन्त्रण र संचालन गरिनेछ ।

६. डुवान क्षेत्रमा पानी निकासको लागि सम्वन्धित क्षेत्रसंग समन्वय र सहकार्य गरिनेछ साथै डुवान क्षेत्रमा भौतिक संरचनाहरु निर्माण गर्दा उचा स्थानमा निर्माण गर्न जोड तथा प्रोत्साहन गरिनेछ । शहरी डुवान क्षेत्रमा Flood Area Ratio र Floor Space Index अवधारणा अवलम्वन गरिनेछ ।

७ . प्रदेश २ अर्न्तगत भएर वग्ने मुख्य नदीहरुमा पूर्वसूचना प्रणाली जडान गरिनेछ, पूर्वसूचना प्रणालीमा महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक र विपन्न समुदायको पहुंच पुग्ने संयन्त्र तयार गरिनेछ र समय समयमा नमनु अभ्यास गरी समुदायलाई क्षमतावान वनाउन जोड दिइनेछ ।

८. चुरे क्षेत्रलाई संरक्षण र प्रर्वधन गरिनेछ । चुरे क्षेत्रमा रहेको मानव वस्तीलाईृ विस्तारै स्थानान्तरण गरिनेछ , चुरे क्षेत्रलाई चरिचरन र खेतीपाती मुक्त, र संरक्षित क्षेत्र घोषणा गरिनेछ । चुरेबाट निर्माण गरिने सडकलाई नियन्त्रण गरिनेछ ।  चुरेवाट वगेर आउने माटो, ढुंगा, गिटी तथा वालुवालाई नियन्त्रण गर्ने कार्य गरिनेछ र संरक्षित क्षेत्रमा रुखविरुवा लगाइनेछ ।

९. चुरे क्षेत्रमा स्थापना गरिएको क्रसर उधोगहरुलाई विस्तारै हटाउने तथा व्यवस्थित गरिनेछ साथै गिटी, ढुंगा उत्खनन कार्य र डोजर लगाउने कार्यलाई व्यवस्थित गरिनेछ ।

१० . समुदायमा आधारित सामुदायिक विपद जोखिम न्यूनीकरण र व्यवस्थापन कार्यक्रम लागु गरि समुदायलाई नै पहिलो जोखिम न्यूनीकरण र प्रतिकार्य कर्ताको रुपमा क्षमता विकास गरिनेछ ।

११. प्राकृतिक श्रोत साधनको प्रयोग गर्दा वातावरणीय र मानिवय जोखिमलाई असर नपुग्ने गरी संघ, प्रदेश तथा स्थानीय सरकारले तय गरेका मापदण्ड अपनाई कार्यान्वयन गरिनेछ ।

१२. जोखिम स्थानमा भौतिक पूर्वाधारका संरचनाहरु वनाउन नपाइने र जोखिम स्थानमा रहेका वस्तीहरुलाई स्थानान्तरण गरिनेछ ।

१३. भवन आचार संहितलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ साथै पुराना सार्वजनिक संरचनाहरुको प्रवलीकरण गरिनेछ साथै नीजि क्षेत्रका संरचनाहरुलाई प्रवलीकरण गर्न प्रोत्साहित गरिनेछ ।

१४. वन्यजन्तुबाट अन्नवाली तथा मानविय रुपमा भै रहेको क्षतिलाई कम गर्न सौर्य तथा इलेक्ट्रिक तारवार गर्ने , वन्यजन्तुलाई वनक्षेत्रमा नै कायम राख्न आवश्यक पर्ने अध्ययन अनुसंधान, नीति र कार्यक्रमहरु तयार गरी संचालन गरिनेछ साथै कृषी, पशु, व्यापार व्यवसाय उधोगको विमा गर्ने कार्यलाई जोड दिइनेछ ।

१५. वन्यजन्तु आरक्षबाट बाहिर निस्कने जनावरहरुको वन्यजन्तु आरक्ष भित्र नै सिमित राख्नकोलागि अध्ययन अनुसंधान गरी त्यसबाट आएको सल्लाह सुझावलाई कार्यान्वय गरिनेछ ।

१६. आगलागी र हावाहुरीबाट प्रत्येक वर्ष भैरहेको धनजनको क्षति कम गर्न फुसका घरहरुलाई विस्तारै आगलागी र हावाहुरी प्रतिरोधी घर निर्माण तर्फ जोड दिइनेछ, व्यवस्थित वस्ती विकासमा प्रोत्साहन गर्ने साथै आगलागी हुन नदिन र हावाहुरीबाट वच्न जनचेतना जगाउने कार्यलाई जोड दिइनेछ ।

१७. प्रत्येक गाउंपालिकामा दमकल अनिवार्य राख्नुपर्ने व्यवस्था गरिनेछ र प्रत्येक समुदायमा दमकल पुग्ने गरी बाटो फराकिलो गर्ने कार्य गरिनेछ। साथै समुदाय स्तरमा पनि आगलागी नियन्त्रण सम्वन्धि तालिम, दक्ष जनशक्ति र सामाग्रीहरुको व्यवस्था गरिनेछ।

१८. वन र वस्ती विच तथा वनजंगलभित्र अग्नी रेखा निर्माण गर्ने कार्यलाई जोड दिइनेछ तथा जथाभावी जंगल क्षेत्रमा सलाई, लाइटर, चुरोटको ठुटा फाल्ने कार्यलाई नियन्त्रित गरिनेछ।

१९. विधुतीय तारहरुलाई विस्तारै इन्सुलेटर गर्ने तर्फ जोड दिइनेछ साथै मर्मत गर्नुपर्ने विधुतीय तार, ट्रान्समिटरहरु समयमै मर्मत गरिनेछ।

२०. सिंचाईको सुविधाकोलागि कृषी विधुतीकरण, सौर्य उर्जा विधुतीकरण र विजुलीको लाइन खेत सम्म पुरयाउने कार्यलाई बढावा दिइनेछ र साथै कृषकहरुलाई सहुलियतको रुपमा अनुदान तथा सस्तो व्याजदरमा ऋण प्रवाह गर्ने व्यवस्था मिलाइनेछ।

२१. व्यक्तिगत तथा सार्वजनिक पोखरी, मुहान, सिंचाई कुलो, नहर, पैनी, जलाधारहरुको संरक्षण गरिनेछ। डिप वोरिड., स्यालो टयुववेलबाट सिंचाईको व्यवस्था गर्नुका साथै आकाशे पानी संकलन, प्लाष्टिक पोखरी निर्माण गर्ने जस्ता कार्यलाई अगाडि बढाइनेछ।

२२. खडेरीको समस्या समाधान गर्न सुक्खामा, शितलहरमा र डुवान क्षेत्रमा पनि हुने धान तथा अन्य विउका प्रजातीहरुको सचेतना, प्रयोग र प्रचारप्रसार गरिनेछ । असिनाबाट हुन सक्ने जोखिमलाई कम गर्न टनेल खेतीलाई जोड दिइनेछ । विपद्बाट क्षति भएको क्षतिपूर्तिकोलागि कृषी तथा पशुविमाको व्यवस्थालाई जोड दिइनेछ।

२३. प्रदेश नं २ को भूउपयोग योजना तयार गरी योजनावध्द वस्ती विकासलाई जोड दिइनेछ।
२४. प्रदेश २ अर्न्तगत रहेका पोखरीहरुमा बालवालिकाहरु डुब्ने समस्याबाट छुटकारा पाउन अनिवार्य सुरक्षाको उपाय अपनाउने कार्यहरु गरिनेछ।

२५. महिला, वालवालिका, युवा, अपांगता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरुको क्षमता अभिवृध्दि गरी आवश्यकता अनुसार विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनमा परिचालन गरिनेछ।

२६. विपद् संवेदनशिलताको अवधारणा अनुरुप सार्वजनिक भौतिक संरचनाहरु, (सरकारी कार्यालय, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्थाहरु, सामुदायिक भवनहरु, आश्रय स्थलहरु, शिविरहरु महिला वालमैत्री, अपांग मैत्री र जेष्ठ नागरिक मैत्री बनाइनेछ।

२७. वृहत विधालय सुरक्षा ढांचा र सुरक्षित विधालयका आधारभूत मापदण्डहरुलाई सवै विधालयहरुमा संचालन गरिनेछ।

२८. व्यक्तिगत रुपमा माछा पोखरी निर्माणकालागि ऋृण प्रवाह गर्दा तारवार लगाउनुपर्ने अनिवार्य व्यवस्था गरिनेछ ।

२९. शीतलहरबाट हुन सक्ने क्षतिलाई आधार मानेर न्यानो घर वनाउने कार्यलाई प्रोत्साहन गरिनेछ उक्त कार्यकोलागि DUDBC संग समन्वय गरिनेछ । साथै अति विपन्न समुदायमा दाउरा तथा न्यानो कपडा, ओढने ओछयाउने सामाग्रीहरु वितरण गरिनेछ ।

३०. प्रत्येक सिजनमा हुन सक्ने प्रकोपको घटनालाई आधार मानेर मौसम सम्वन्धि र सर्तकता सम्वन्धि पूर्वसूचना दिने कार्यलाई जोड दिइनेछ ।

३१. सडक दुर्घटना सम्वन्धि यातायात व्यवसायी संघ र ट्राफिक कार्यालयसंगको समन्वय र साझेदारीमा सवारी चालकलाई सुरक्षित सवारी चलाउने सम्वन्धि प्रशिक्षण दिने कार्यलाई अगाडि बढाइनेछ ।

३२. रेल दुर्घटना सम्वन्धि आवश्यक सुरक्षाका उपायहरु अपनाइनेछ ।

३३. प्रदेश स्तरको ट्रमा सेन्टरको स्थापना गरिनेछ ।

३४. चट्याङ्गबाट सुरक्षित रहनकोलागि सरकारी, सार्वजनिक तथा नीजि घरहरुमा अर्थिङ्ग गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ साथै चट्याङ्गबाट सुरक्षित हुने आधुनिक प्रविधिको अध्ययन र प्रयोग र जनचेतना अभिवृध्दि गर्ने कार्य गरिनेछ ।

३५. प्राथमिक स्वास्थ्य केन्द्रहरुमा सर्पदंशको उपचार केन्द्र स्थापना गरिनेछ साथै एम्वुलेन्सको व्यवस्था गरिनेछ ।

३६. पानी, वायू, आदि वातावरणीय पक्षमा प्रदुषण नियन्त्रण गरी माहामारीजन्य रोगव्याधीको जोखिम कम गर्न साथै उधोगबाट उत्पाद हुने फोहरहरु, रसायनहरु व्यवस्थित गरिनेछ ।

३७ . विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तनलाई प्रदेश, स्थानीय तह र नीजी क्षेत्रको कार्यसंग आवधिक र वार्षिक योजनामा मुलप्रवाहीकरण गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको कार्यलाई परिचालन गरिनेछ ।

३८ . प्रदेश तह, स्थानीय तह, वडा र समुदाय स्तरसम्म विपद जोखिम न्यूनीकरण र व्यवस्थापन समिति गठन गरी क्षमता विकास गरिनेछ ।

३९. प्रदेश तहमा प्रदेश स्तरिय विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्राधिकरण गठन गरी विपद् सम्वन्धि छुट्टै संगठनको विकास गरिनेछ । उक्त संगठनलाई आधुनिक प्रविधि, तालिम, दक्ष जनशक्ति युक्त सस्थाको रुपमा विकास गरिनेछ ।

४०. प्रदेश तह, जिल्ला तह र स्थानीय तहमा आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा समन्वयात्मक रुपले कार्यलाई अगाडि बढाइनेछ ।

४१. प्रादेशिक विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तत अनुकूलन मंच (Provincial DRR/M and Climate Change Adaptation Platform) तयार गरिनेछ ।

४२. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनमा समावेशी, पारदर्शी, सहभागितामुलक, उत्तरदायी लैंगिक तथा सामाजिक समावेशीकरणका कार्यहरुलाई अनिवार्य गरिनेछ ।

४३. भूमिगत पानीको सतह वृध्दिकोलागि आवश्यक अध्ययन अनुसंधान र कार्यक्रमहरु संचालन गरिनेछ । साथै चुरे क्षेत्र लगायत आवश्यक पर्ने स्थानमा रिचार्ज पोखरी तथा संरक्षण पोखरीहरुको निर्माण गरिनेछ ।

४४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन र जलवायू परिवर्तन अनुकूलनमा सरकारी र सार्वजनिक, विकास साझेदार, दातृ संस्था, नीजी क्षेत्र जस्तै, बैंकहरु, उधोगहरु, पर्यटन व्यवसायीहरु, सहकारी, संचार जगत, राजनैतिक दल, विमा संस्थाहरुको प्रयोग र लगानी अभिवृध्दि गरिनेछ साथै समन्वय गरि कार्य गरिनेछ । व्यवसायिक सामाजिक उत्तरदायित्वलाई व्यवहारमा ल्याउन जोड दिइनेछ । नीजि क्षेत्रको व्यवसायिक निरन्तरता योजना बनाउने कार्यलाई प्रोत्साहित गरिनेछ ।

४५. सरकारी, सार्वजनिक, विकास साझेदार, दातृ निकाय, अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरुको योजना तथा बजेटमा जोखिम संवेदनशिल योजना र बजेट बनाउन सचेतना अभिवृध्दि गरिनेछ र विकासका कार्यहरु जोखिमको संवेदनशिलतामा आधार रहेर अगाडि बढाइनेछ । यसका लागि जोखिम प्रभाव विश्लेषणको कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।

४६. प्रदेश, जिल्ला र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण (रोकथाम, अल्पीकरण, अनुकूलन) र व्यवस्थापन (पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभ) कोषको स्थापना गरी विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनकालागि खर्च गर्ने कार्य गरिनेछ ।

४७. प्रदेश तथा स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र विपद् पूर्वतयारी र प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ । साथै जलवायू परिवर्तन अनुकूलनका कार्यलाई विपद जोखिम संग समाहित गर्दै अगाडि लगिनेछ ।

४८. प्रदेश तथा स्थानीय तहमा भण्डार गृहहरु स्थापना गरिनेछ र भण्डार गृहमा विपद् प्रतिकार्यकोलागि आवश्यक पर्ने जीवन रक्षाकालागि आवश्कय पर्ने राहत सामाग्रीहरु औषधी, खाद्दान्न, पानी, पानी शुध्दीकरणका सामाग्रीहरु, लत्ताकपडा, निर्माण सामाग्री, उमेर अनुसार,

संस्कृती अनुसार, लैंगिक अनुसार र अपांगता भएका व्यक्तिहरुकोलागि आवश्यक पर्ने सामाग्रीहरु भण्डारण गरिनेछ ।

४९. राहत वितरण सम्वन्धि अन्तराष्ट्रिय र राष्ट्रिय मापदण्ड संग आत्मसात हुनेगरी प्रदेश स्तरिय राहत वितरण मापदण्ड तयार गरि लागु गरिनेछ ।

५०. प्रतिकार्यको कार्यलाई द्रुत, प्रभावकारी र सवैको पहुंचमा पुरयाउन विशेष गरी विपद्बाट प्रभावित महिला, वालवालिका, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, गरीव, दलित परिवारलाई आवश्यकता अनुसार सामाग्री तथा नगद प्रवाहको व्यवस्था मिलाइनेछ । नगद प्रवाहकोलागि नेपाल सरकारको सामाजिक सुरक्षा भत्ता कार्यक्रमसंग जोडेर लगिनेछ । सो कार्यकोलागि सवै संकटासन्न वर्गहरुको वैंकसंगको पहुंच सुनिश्चित गरिनेछ । सो कार्यको पूर्वतयारी गरिनेछ ।

५१. खोज तथा उद्धारका कार्यलाई प्रभावकारी वनाउन तराईका सवै जिल्लाहरुमा रवर वोट, मोटर वोट, डुंगा, डोरीको व्यवस्था गरिनेछ भने प्रदेश स्तरमा हेलिकप्टरको माध्यमबाट खोज तथा उद्धार गर्ने व्यवस्था मिलाइनेछ । ठाउंठाउंमा हेलिकप्टर अवतरण गर्न सक्ने हेलिप्याडहरु निर्माण गरिने छ।

५२. प्रत्येक स्वास्थ्य केन्द्रहरुमा आकस्मिक अवस्थाकोलागि आवश्यक पर्ने द्रुत टोली औषधीहरुको बफर स्टक राख्ने पर्ने व्यवस्था गरिनेछ ।

५३. प्रदेश, स्थानीय तह र समुदाय स्तरमा खोजतलास तथा उध्दार गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाकिज परामर्श दिन सक्ने, पूर्व सूचना दिन सक्ने, राहत वितरण गर्न सक्ने दक्ष जनशक्तिहरु तयार गरी आवश्यकता अनुसार परिचालन गरिनेछ ।

५४. प्रदेश, जिल्ला, स्थानीय तह, वडा तथा समुदाय स्तरको सुरक्षा निकायमा खोज तथा उद्धार गर्न सक्ने दक्ष जनशक्ति र आधारभूत खोज तथा उद्धारका सामाग्रीहरु तयारी अवस्थामा राखिनेछ ।

५५. प्रदेश तथा स्थानीय तहमा खुला क्षेत्रको पहिचान गरि व्यवस्थित गरिनेछ साथै आपतकालिन आश्रयस्थलहरुको निर्माण गरिनेछ । आपतकालिन आश्रयस्थल सम्म पुग्ने र बाढीको पूर्वसूचना सम्वन्धि जानकारी दिने संयन्त्र विकास गरिनेछ ।

५६. विपदको अवस्थालाई मध्यनजर गरी विपद् सम्वन्धि घरायसी पारिवारिक योजना तयार गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ ।

५७. सवै विषयगत क्षेत्रले आकस्मिक योजना निर्माण गरी सोही अनुसार पूर्वतयारी अवस्थामा रहने कार्यलाई अगाडि बढाइनेछ ।

५८. ठुला विपद्को समयमा अन्तराष्ट्रिय मानविय सहायता सामाग्रीहरुको सहज आपूर्तिकोलागि व्यवस्था मिलाइनेछ । विमानस्थलहरुमा मानविय सहायता सामाग्री राख्ने व्यवस्था मिलाइने छ। साथै अन्तराष्ट्रिय सहायता दिन आउने व्यक्तिहरुको प्रवेशाज्ञा र भन्सारमा सामान ल्याउनकोलागि हुने कानुनी प्रक्रिया सहज गर्न संघीय सरकार संग समन्वय गरिनेछ

५९. विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका कार्यलाई अवसरको रुपमा लिई Build, Back, Better पहिलेको भन्दा अझ राम्रो झन् बलियो तथा उत्थानशीलता विकास अवधारणा अनुसार कार्य गरिनेछ ।

६०. विपद् पश्चातको पुनर्लाभ, पुनर्स्थापना र पुनर्निर्माणका कार्यहरु स्थानीय श्रोत साधनको प्रयोग र वातावरणमा असर नपर्ने गरी Green Recovery and Reconstruction को मर्म अनुसार कार्य गरिनेछ ।

६१. प्रदेश १, २ र ३ संग समन्वयात्मक तरिकाले समन्वयको ढांचा, संस्थागत ढांचा तयार गरी एक आपसमा भएको मानविय, भौतिक, प्राविधिक र आर्थिक श्रोतहरुको परिचालन गरी विपद् र जलवायू जोखिम न्यूनीकरण र व्यवस्थापनमा समन्वय, साझेदारी र सहकार्य गरिनेछ ।

# परिच्छेद ३ : नीति कार्यान्वयन, अनुगमन, मुल्यांकन, पुनरावलोकन

**३.१ नीतिको कार्यान्वयन र समन्वय**

यस नीतिको कार्यान्वयनकोलागि तल उल्लेख गरिएका उपायहरु अवलम्वन गरिनेछ

३.१.१ यस नीतिको कार्यान्वयनकोलागि प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन रणनीतिक कार्ययोजना तयार गरि कार्यान्वयन गरिनेछ

३.१.२ प्रदेश र स्थानीय तहको आवधिक योजना र वार्षिक योजना निर्माण गर्दा यस नीतिमा भएका व्यवस्थाहरुलाई एकिकृत गरी मुलप्रवाहीकरण गरि कार्यान्वयन गरिनेछ ।

३.१.३ विषयगत मन्त्रालय, सार्वजनिक निकायहरु, विकासका साझेदार, राष्ट्रसंघीय संस्थाहरु, अन्तराष्ट्रिय, राष्ट्रिय गैर सरकारी संस्थाहरु र नीजि क्षेत्रको योजना निर्माण र कार्यान्वयन गर्दा यस नीतिमा भएका प्रावधानहरुलाई मार्गदर्शनको रुपमा लिई योजना निर्माण र कार्यान्वयन गरिनेछ ।

३.१.४ विपद् जोखिम न्यूनीकरण कोष र आकस्मिक कोष खडा गरी यस नीतिमा भएका प्रावधानहरुलाई कार्यान्वयनमा लगिनेछ ।

३.१.५ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन संग सम्वन्धित कार्यको प्रभावकारी कार्यान्वयनकोलागि संघ, प्रदेश, स्थानीय तह, विकास साझेदार, अन्तराष्ट्रिय र राष्ट्रिय गैर सरकारी संस्थाहरु, समुदाय, राजनैतिक दल, रेडक्रस अभियानका अंगहरु र नीजि क्षेत्रको समन्वय र सहकार्यमा कार्यान्वयन गरिनेछ ।

**३.२ नीतिको अनुगमन, मुल्यांकन**

३.२.१ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्रदेश परिषद्ले यस नीतिको अनुगमन र मुल्यांकन गर्नेछ ।

३.२.२ प्रदेश स्तर र स्थानीय तहको अनुगमन मुल्यांकनको फाराम तथा फर्मेटमा यस नीतिमा भएका प्रावधानहरु कार्यान्वयन भए नभएको सूचक तयार गरी अनुगमन र मूल्यांकन गरिनेछ

३.२.३ विपद् जोखिम न्यूनीकरणका कार्यले पुरयाएको योगदानको अनुगमन गर्दा जोगिएको जनधनको विवरण, जोखिम न्यूनीकरण तथा व्यवस्थानकालागि निर्माण गरिएका भौतिक संरचनाबाट पुग्न गएको सुविधा र प्रतिफल, प्रभावित समुदायको उत्थानशीलतामा आएको परिवर्तन आदिलाई ध्यान दिइनेछ ।

३.२.४ यस नीतिको कार्यान्वय भए नभएको अर्धवार्षिक रुपमा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन प्रदेश परिषद्ले समिक्षा गर्नेछ र वार्षिक रुपमा प्रदेश विपद् तथा जलवायूजन्य जोखिम प्रगती प्रतिवेदन तयार गर्नेछ ।

**३.३ नीतको पुनरावलोकन**

३.३.१ यस नीतिलाई समय र आवश्यकता अनुसार पुनरावलोकन गरिनेछ ।